श्री

**राजस्व न्यायाधिकरण काठमाडौ, मुकाम पुल्चोक ललितपुर**

**<u>इजलास</u>**

**माननीय अध्यक्ष श्री टेकप्रसाद ढुङ्गाना**

**राजस्व सदस्य श्री गोविन्दप्रसाद अधिकारी**

**लेखा सदस्य श्री पुष्पप्रसाद गुरागाईं**

**<u>फैसला</u>**

२०७९/०८० सालको निर्णय नं.६३

पुनरावेदन नं. ०७५-RB-०२०२

पुनरावेदन दर्ता मितिः- २०७५।१०।१०

**<u>मुद्दाः– भन्सार मूल्यांकन (M58448)</u>।**

आयुष ट्रेडिङ सेन्टरको तर्फबाट प्रोप्राईटर गणेश कुमार गोयल ....................१ } पुनरावेदक

**<u>विरूद्ध</u>**

वीरगञ्ज भन्सार कार्यालय, पर्सा .........................................................१ } प्रत्यर्थी
मुल्यांकन पुनरावलोकन समिति, त्रिपुरेश्वर, काठमाडौं ..............................१

**<u>शुरु निर्णय गर्ने कार्यालय र मिति</u>**

शुरु निर्णय गर्ने कार्यालय : वीरगंज भन्सार कार्यालय, पर्सा
शुरु निर्णय मिति : २०७५।०१।१९

**<u>पुनरावलोकन निर्णय गर्ने कार्यालय र मितिः</u>**

पुनरावलोकन गर्ने कार्यालय : मुल्यांकन पुनरावलोकन समिति, त्रिपुरेश्वर, काठमाडौं
मूल्य पुनरावलोकन निर्णय मिति : २०७५।०६।२१

**उपस्थित कानून व्यवसायीहरु**

पुनरावेदकका तर्फबाट : विद्वान अधिवक्ता श्री सीताराम अग्रवाल
: विद्वान अधिवक्ता श्री विकास अग्रवाल
: विद्वान अधिवक्ता श्री विकल्प अग्रवाल
प्रत्यर्थीको तर्फबाट : विद्वान उप-न्यायाधिवक्ता श्री दिपक भण्डारी

विरगंज भन्सार कार्यालय, विरगंज, पर्साबाट भएको मिति २०७५।०१।१९ को निर्णय र

मुल्यांकन पुनरावलोकन समिति, त्रिपुरेश्वर, काठमाडौंबाट मिति २०७५।०६।२१ मा भएको निर्णय उपर भन्सार ऐन, २०६४ को दफा ६२ तथा राजश्व न्यायधिकरण ऐन, २०३१ को दफा ९(१)(क) र (ख) बमोजिम न्यायाधिकरणको क्षेत्राधिकार अन्तर्गत पुनरावेदन पत्र दर्ता भई पेश हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं न्यायाधिकरणको ठहर यस प्रकार रहेको छ ।

## तथ्य खण्ड

१. पैठारीकर्ता Ayush Trading Center, Biratnagar ले Adam Sugar Mills Ltd., Pakistan को तारिख 14.03.2018 को बिजक संख्या ADAMSM-HO/E-018-014-01 अनुसार पैठारी गरी ल्याएको Sugar को भन्सार मूल्य निर्धारणका लागि वीरगञ्ज भन्सार कार्यालयमा मिति २०७५।०१।१५ मा भन्सार ऐन, २०६४ को दफा १३ को उपदफा (३) बमोजिम कारोबार मूल्य घोषणा गरी निवेदन पेश गरेकोमा उक्त फर्मले पैठारी गरी ल्याएको मालवस्तुको मूल्य वास्तबिक हो भन्न नसकिएकोले सो बिजक मूल्यलाई पुष्टयाई गर्ने थप कागजात तथा प्रमाण उक्त कार्यालयमा पेश गर्न पैठारीकर्तालाई वीरगञ्ज भन्सार कार्यालयले मिति २०७५।०१।१६ मा पत्राचार गरेको।

२. प्रस्तुत पैठारीकर्ताले पेश गरको कागजात तथा यस कार्यालयको अभिलेख समेतलाई अध्ययन र भौतिक परीक्षण गर्दा मिति २०७४।१२।०५ मा Nimbus International Co. Ltd, Kathmandu ले पैठारी गरेको प्रति मे.टन USD 460.00 का दरले Pakistan Origin भएको पाकिस्तान बाटै आएको Sugar को नमूनासँग तुलना गरी हेर्दा दुबै मालबस्तु एकै प्रकृति तथा गुणस्तर समेत मिल्दोजुल्दो देखिएको। प्रस्तुत आधारहरु लिएर हेर्दा पैठारीकर्ताले घोषणा गरेको मूल्य वास्तविक हो भन्न नसकिएकोले निजले घोषणा गरेका आधारमा भन्सार ऐन, २०६४ को दफा १३(४) बमोजिम भन्सार मूल्य कायम गर्न सकिने अवस्था देखिएन। यसरी सोही ऐनको दफा १३ को उपदफा (४) बमोजिम मूल्य कायम गर्न नसकिएकोले अन्य उपदफाहरुको आधारमा मूल्य कायम गर्नुपर्ने भएकोमा उपदफा ८ को आधारमा समेत मूल्य कायम गर्न सकिने अवस्था नदेखिंदा प्रस्तुत मालवस्तुको मूल्य सोही ऐनको दफा १३ को उपदफा ९ बमोजिम सिमिलर गुड्सको आधारमा गर्नुपर्ने देखिन्छ भनी सोही बमोजिम प्रति इकाई CNF KOL USD 460.00 कायम गरी सोमा अन्य खर्चहरुसमेत समायोजन गरी भन्सार ऐन, २०६४ को दफा १३(९) बमोजिम कारोबार मूल्य कायम हुने वीरगञ्ज भन्सार कार्यालय, पर्साबाट मिति २०७५।०१।१९ मा भएको निर्णय।

३. विरगंज भन्सार कार्यालयका भन्सार अधिकृतबाट भएको निर्णयमा मेरो चित्त नबुझेकोले सो निर्णय पुनरावलोकन गरी पाउँ भनी पैठारीकर्ताले मूल्यांकन पुनरावलोकन समितिमा मिति २०७५।२।८ मा दिएको निवेदन।

४. प्राप्त कागजातहरुको अध्ययन गर्दा, पैठारीकर्ता श्री आयुष ट्रेडिङ सेन्टरले वीरगञ्ज भन्सार कार्यालयमा पेश गरेको कागजात तथा जानकारीबाट भन्सार अधिकृत सन्तुष्टि हुन नसकी भन्सार ऐन, २०६४ को दफा १३ को उपदफा (४) बमोजिम भन्सार मूल्य कायम हुन नसकेको त्यसैगरी सोही ऐनको दफा १३ को उपदफा (८) अनुरुप मूल्य कायम गर्ने आधार र प्रमाण नभेटिएकोले फर्मले पेश गरेको कागजात तथा यस कार्यालयको अभिलेख समेतलाई अध्ययन र भौतिक परीक्षण गर्दा मिति २०७४।१२।०५ मा Nimbus International Co. Pvt. Ltd. Kathmandu ले पैठारी गरेको प्रति मे.ट. USD 460.00 का दरले Pakistan Origin भएको पाकिस्तान बाटै आएको Sugar को नमुनासँग तुलना गरी हेर्दा दुबै मालबस्तु एकै प्रकृति तथा गुणस्तर समेत मिल्दोजुल्दो देखिएकोले ऐनको दफा १३(९) बमोजिम यस अघि नेपालमा आयात भएको मालबस्तुमा मिल्दोजुल्दो मालबस्तुको कारोबार मूल्यको आधारमा निर्धारण गर्नुपर्ने देखिएको भनी वीरगञ्ज भन्सार कार्यालयले मिति २०७५।०१।१९ मा पैठारी कर्ताले घोषणा गरेको मूल्यमा बृद्धि गरि मूल्य कायम गरेको देखिन्छ। साथै भन्सार मूल्याङ्कन निर्देशिका, २०६८(पहिलो संशोधन २०७२ सहित) को परिच्छेद ३ को दफा ५ को खण्ड (क) मा भन्सार ऐन, २०६४ को दफा १३ को उपदफा (८) र (९) बमोजिम कारोबार मूल्य विश्लेषण गर्दा स्वचालित भन्सार प्रणाली Asycuda Data बाट उपलब्ध भएसम्म पछिल्लो ९० दिन भित्रको तथ्याङ्क समेत लिई विश्लेषण गर्नुपर्दछ भन्ने कुरा उल्लेख छ, जस अनुसार Ayscuda World System मा रहेको अभिलेख हेर्दा सुख्खा बन्दरगाह भन्सार कार्यालयको M912 मिति 16.01.2018 तथा M3271 मिति 21.02.2018 मा पनि क्रमशः USD 460 Per MT र USD 466 Per MT मा सोही प्रकृतिको मालबस्तु जाँजपास भएको देखिन्छ। यसमा निवेदकको दाबी तथा कार्यालयबाट प्राप्त प्रतिक्रिया समेत अध्ययन विश्लेषण गर्दा पैठारीकर्ताले पेश गरेको कागजातबाट मात्र निजको बिल मूल्यलाई यथार्थ मान्न सकिने अवस्था नरहेकोले वीरगंज भन्सार कार्यालयले भन्सार ऐन, २०६४ को दफा १३ को उपदफा (९) बमोजिम कायम गरेको मूल्य प्रति मेट्रिक टन USD 460.00 उपयुक्त निर्णय खण्डमा उल्लेख भए अनुसार कानून सम्मत नै देखिँदा सदर हुने ठहर्छ भन्ने समेत बेहोराको मुल्यांकन पुनरावलोकन समिति त्रिपुरेश्वर, काठमाडौंबाट मिति २०७५।०६।२१ मा भएको निर्णय।

५. भन्सार ऐन, २०६४ को दफा १३(१) को अधिनमा रही मालबस्तुको कारोबार मूल्यको आधारमा निर्धारण गर्ने व्यबस्था दफा १३(२) मा उल्लेख रहेकोले दफा १३(१) दफा १३(२) को विपरित मूल्यांकन कायम गर्ने गरी निर्णय गरिएको, हामीबाट घोषित र पेश गरिएको प्रतितपत्र लगायतका प्रमाणमा कुनै त्रुटी नभएता पनि त्यसको मूल्यलाई बदर

गरी निर्णय गरिएको, दफा १३ (२) वमोजिम मूल्य निर्धारण गर्न नसकिएमा दफा १३(८) वमोजिम र सो दफा वमोजिम पनि मूल्य निर्धारण गर्न नसकिएमा मात्र दफा १३(९) बमोजिम निर्धारण गर्नुपर्ने व्यवस्था भएकोमा सिधै दफा १३(९) वमोजिम मूल्य निर्धारण गरिएको, आपुर्तिकर्ताबाट जारी भएको बिजक र रकम भुक्तानीको प्रमाणलाई मान्यता नदिईएको, थपघट गर्न नमिल्ने प्रतितपत्र खोली सामान आयात गरेकोमा सोको मुल्य बढाईएको, भन्सार मूल्यांकन सन्दर्भमा श्री सर्वोच्च अदालत, श्री राजश्व न्यायाधिकरण काठमाडौंबाट विभिन्न पटक प्रतिपादित सिद्धान्त विपरित निर्णय गरिएको, कार्यालयले असुल उपर गर्नु नपर्ने धरौटी रकम असुल गरेको समेतका कारण अन्याय परेको हुँदा विपक्षी कार्यालयबाट मिति २०७५।०१।१९ मा भएको निर्णय त्रुटिपूर्ण रहेकोले उक्त निर्णय र सो निर्णयलाई सदर गर्ने गरी मूल्यांकन पुनरावलोकन सम्बन्धी निर्णय समेत बदर गरी उल्लिखित मोललाइ कायम गरी धरौटीमा दाखिल रहेको भन्सार प्रज्ञापन **M58448** अनुसारको महसुल समेतको रकम नलाग्ने ठहर गरी सो धरौटीमा रहेको रकम फिर्ता पाउँ भन्ने समेत बेहोराको पुनरावेदक आयुष ट्रेडिङ सेन्टरको तर्फबाट यस न्यायाधिकरणमा मिति २०७५।०६।२१ गते पेश भएको पुनरावेदन पत्र।

६. यसमा मुलुकी फौजदारी कार्याविधि संहिता, २०७४ को दफा १४०(३) बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकिलको कार्यालयलाई पेशीको सूचना दिई नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधिकरणबाट मिति २०७७।९।१० मा भएको आदेश।

## ठहर खण्ड

७. नियम वमोजिम पेशी सूचीमा चढी निर्णयार्थ यस इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा मिसिल संलग्न पुनरावेदन पत्र, शुरु कार्यालयबाट प्राप्त मिसिल समेत अध्ययन गरी पुनरावेदक आयुष ट्रेडिङ सेन्टर प्रा.लि.का तर्फबाट उपस्थित हुनुभएका विद्वान अधिवक्ताहरु श्री सीताराम अग्रवाल, श्री विकास अग्रवाल र श्री विकल्प अग्रवालले पुनरावेदक करदाताले पैठारी गरेको चिनीको मूल्य प्रति मेट्रिक टन ३६१ अमेरिकी डलर रहेको कुराको पुष्टि सम्बन्धित पैठारीकर्ताले जारी गरेको प्रोफर्मा इनभ्वाइस, कमर्सियल इन्भ्वाइस तथा निवेदकले बैंकिङ्ग प्रणालीबाट भुक्तानी गरेको कागजातहरुबाट प्रमाणित भैरहेको अवस्थामा उक्त प्रमाणहरुलाई वेवास्ता गर्दै वास्तविक मुल्यभन्दा फरक प्रति मे.टन ४६० अमेरीकी डलर भन्सार मूल्य कायम गर्ने गरी सुरु भन्सार कार्यालयबाट भएको निर्णय तथा उक्त निर्णयलाई सदर गर्ने गरी मूल्याङ्कन पुनरावलोकन समिति त्रिपुरेश्वरबाट भएको निर्णय समेत कानूनसम्मत नभएको हुँदा बदर गरी पाउँ भनी गर्नुभएको बहस तथा पेश गर्नुभएको लिखित बहस नोट समेत अध्ययन गरियो।

८. प्रत्यर्थी कार्यालयहरुका तर्फबाट उपस्थित हुनुभएका विशेष सरकारी वकिल कार्यालय, काठमाडौंका विद्वान उपन्यायाधिवक्ता श्री दीपक भण्डारीले पैठारीकर्ताबाट पेश भएको बिजकमा उल्लेख गरिएको मालवस्तुको मूल्य अन्य पैठारीकर्ताले घोषणा गरेको Asycuda Database को मूल्यभन्दा कम भएको तथा अन्य सूचना प्रणाली एवं स्थानीय मूल्यभन्दा कम भएको कारण निजले घोषणा गरेको मूल्य वास्तविक मूल्य हो भन्ने अवस्था नभएको र सो कुराको प्रमाण समेत पैठारीकर्ताबाट पेश नभएको कारण प्रत्यर्थीहरुबाट भन्सार ऐन, २०६४ को दफा १३(९) बमोजिम मूल्य कायम गरी भएको निर्णय कानूनसम्मत रहेको हुँदा सदर होस् भनी गर्नुभएको बहस जिकिर समेत सुनियो।

९. पुनरावेदक पैठारीकर्ताका तर्फबाट लिईएका पुनरावेदन जिकिरहरु, पुनरावेदनतर्फका विद्वान कानून व्यवसायीहरुबाट प्रस्तुत लिखित बहस नोट तथा विद्वान उपन्यायाधिवक्ताबाट प्रस्तुत बहसका बुँदाहरु र मिसिल संलग्न कागज एवं प्रमाणहरुको अध्ययन गरी हेर्दा पैठारीकर्ताले मालवस्तु पैठारी गर्दा घोषणा गरेको कारोवार मूल्यलाई मान्यता नदिई थप मूल्य कायम गर्ने गरी भएको निर्णय मिलेको छ, छैन? पुनरावेदकको माग वमोजिम वीरगंज भन्सार कार्यालयको निर्णय र सोही निर्णय सदर गर्ने गरी मूल्यांकन पुनरावलोकन समितिबाट भएको हुनुपर्ने हो, होइन? भन्ने विषयमा निर्णय दिनुपर्ने देखियो।

१०. सर्वप्रथम सहकर्मी लेखा सदस्यले पुनरावेदक करदाताले राख्नुपर्ने धरौटी सम्बन्धमा फरक मत प्रकट गर्नुभएको हुँदा पुनरावेदक करदाताले यस न्यायाधिकरणमा यो पुनरावेदन दर्ता गर्दा राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ९(१)(ख) को परिपालना गरेको देखिन्छ वा देखिंदैन भन्ने प्रश्न तर्फ विचार गर्नुपर्ने देखियो। राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ९ को उपदफा (१) मा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि यस ऐन अन्तर्गत न्यायाधिकरणमा पुनरावेदन गर्दा देहाय बमोजिम धरौटी नराखी पुनरावेदन लाग्ने छैन भन्ने कानूनी व्यवस्था गर्दै खण्ड(ख) मा भन्सार महसुल वा अन्तशुल्क निर्धारण भएकोमा निर्धारित भन्सार महसूल वा अन्तशुल्कको रकम र जरिवाना भएकोमा जरिवानाको रकम र दुवै भएकोमा दुवै रकम त्यस्तो निर्धारण गर्ने वा जरिवाना गर्ने अधिकृतले तोकिदिएको कार्यालयमा बुझाउनु पर्ने कानूनी व्यवस्था रहेको पाइन्छ। पैठारीकर्ताले पैठारी गरेको मालवस्तुको सम्बन्धमा वीरगंज भन्सार कार्यालयबाट जारी गरेको सन् 2018.05.02 को प्रज्ञापनपत्र बाट पैठारीकर्ताले मालवस्तु ल्याउँदा अन्तर्राष्ट्रिय बजार मूल्यभन्दा कम मूल्यको बीजकबाट सामान आयात गरेको कारण फरक परेको रकममा प्रचलित कानून अनुसार लाग्ने भन्सार महसुल रु.१७,५७,८८९।- दाखिला गर्नुपर्ने M58448 को प्रज्ञापनपत्रबाट देखिन्छ। सोही प्रज्ञापनपत्रमा उल्लेख भए बमोजिमको रकम पैठारीकर्ताले धरौटी वापत राखेको मिसिल संलग्न एभरेष्ट बैंकबाट खिचिएको भौचरबाट देखिन्छ। पुनरावेदकले आफ्नो पुनरावेदन पत्रको प्रकरण नं.६ को (ङ) मा राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ९(१)(ख) बमोजिम

लागेको रकम समेत धरौटी बुझाएको प्रमाण सन्दर्भमा भन्सार प्रज्ञापनपत्र र रसिद समेत यसै साथ राखी पुनरावेदन गरेका छौं भन्ने व्यहोरा उल्लेख गरेको र सो व्यहोरालाई पुष्टि गर्ने आधार मिसिल संलग्न प्रमाण कागज समेतबाट देखिएको छ। साथै भन्सार ऐन, २०६४ को दफा ६२ को उपदफा (२) मा उपदफा (१) बमोजिम पुनरावेदन दिने व्यक्तिले जुन निर्णय वा आदेशका विरुद्ध पुनरावेदन गर्ने हो त्यस्तो निर्णय वा आदेश बमोजिम लाग्ने महसुल र दण्ड जरिवानाको रकम सम्बन्धित भन्सार कार्यालयमा वा भन्सार जाँचपास परीक्षण कार्यालयमा बुझाई वा धरौटी राखी पुनरावेदन गर्न सक्नेछ भन्ने स्पष्ट कानूनी व्यवस्था रहे भएको सन्दर्भमा पुनरावेदकले राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ९ (१)(ख) को परिपालना नगरेको भन्नु न्यायोचित हुने देखिएन ।

११. अब पैठारीकर्ताको पुनरावेदन जिकीरतर्फ दृष्टिगत दिँदा पैठारीकर्ता Ayush Trading Center ले पाकिस्तानबाट खरिद गरी ल्याएको White Crystal Sugar को भन्सार मूल्य निर्धारणका लागि वीरगंज भन्सार कार्यालयमा, भन्सार ऐन, २०६४ को दफा १३(३) वमोजिम प्रति मे.टन.३६१ अमेरिकी डलर कारोबार मूल्य घोषणा गरी निवेदन पेश गरेको देखिन्छ। बिजकमा उल्लिखित मालवस्तुको घोषित मूल्य अन्य पैठारीकर्ताले घोषणा गरेको Asycuda Database तथा अन्य सूचना प्रणाली तथा लोकल मूल्य भन्दा कम हुने गरी घोषणा गरेकोले पैठारीकर्ताले घोषणा गरेको मूल्य वास्तविक नभएको भनी सो वस्तुको प्रति इकाई मूल्य ४६० अमेरिकी डलर प्रति मे.टन कायम गरी मालवस्तुको जाँचपास हुने भनी वीरगंज भन्सार कार्यालयबाट निर्णय भएको देखिन्छ। निवेदकको दाबी तथा कार्यालयबाट प्राप्त प्रतिक्रिया समेतको अध्ययन/विश्लेषण गर्दा पैठारीकर्ताले पेश गरेको कागजातबाट मात्र निजको बिल मूल्यलाई यथार्थ मान्न सकिने अवस्था नरहेकोले वीरगंज भन्सार कार्यालयले भन्सार ऐन, २०६४ को दफा १३(९) वमोजिम कायम गरेको मूल्य USD 460 प्रति मेट्रिक टन कानून सम्मत नै रहेको भनी मूल्याङ्कन पुनरावलोकन समितिबाट समेत निर्णय भएको देखिन्छ। पुनरावेदक कम्पनीले पैठारी गरेको Commercial Invoice को मूल्य वास्तविक भएको र बिजक मूल्य पनि यथार्थ भएको अवस्थामा कम्पनीले पेश गरेको Invoice तथा कागजातहरु सही भएको देख्दा देख्दै कम्पनीले घोषणा गरेको भन्सार मूल्यलाई मान्यता नदिने गरी प्रत्यर्थी कार्यालयहरुबाट भएको निर्णय त्रुटीपूर्ण हुँदा बदर गरी पाउँ भन्ने नै पैठारीकर्ताको मुख्य पुनरावेदन जिकिर रहेको देखिन्छ।

१२. पुनरावेदक पैठारीकर्ताले सन् 2018.05.02 मा भन्सार ऐन, २०६४ को दफा १३(३) वमोजिम मालबस्तु पैठारी गर्दा घोषणा गरेको कारोबार मूल्यलाई अध्ययन गर्दा उक्त मूल्य Asycuda Database अन्य सूचना प्रणाली तथा लोकल मूल्य भन्दा कम भएको भन्ने प्रत्यर्थीहरुको विश्लेषण रहेको देखिन्छ। भन्सार ऐन, २०६४ को दफा १३(६) मा “पैठारीकर्ताले उपदफा (३) वमोजिम घोषणा गरेको मूल्य शंङ्कास्पद छ भन्ने विश्वास गर्नुपर्ने

मनासिव कारण भएमा भन्सार अधिकृतले निजसँग त्यस्तो मूल्य वास्तविक कारोवार मूल्य हो भनी प्रमाणित गर्न थप कागजात वा प्रमाण लिखित रुपमा माग गर्न सक्नेछ। त्यसरी माग भएका कागजात उपलब्ध गराउने जिम्मेवारी त्यस्तो पैठारीकर्ताको हुनेछ।" भन्ने व्यवस्था रहेको देखिन्छ। पैठारीकर्ताले उल्लेखित ऐनको व्यवस्था वमोजिम Commercial Invoice लगायतका अन्य कागजातहरु पेश गरेको भन्ने समेत जिकिर लिएको देखिन्छ।

१३. पैठारीकर्ताले आयातित मालवस्तु White Crystal Sugar को समान चारित्रिक गुण भएका वस्तु पाकिस्तान तथा अन्य देशबाट अन्य पैठारीकर्ताले आयात गर्दा प्रति मेट्रिक टन 460 USD का दरले भन्सार मूल्य कायम गरिएको भन्ने वीरगंज कार्यालय, वीरगंजको अभिलेखबाट समेत देखिएको भनी आधार ग्रहण गरेको पाईयो। भन्सार ऐन, २०६४ को दफा १३(९) ले "...समरुपका मालवस्तुको कारोबार मूल्यको आधारमा भन्सार मूल्य निर्धारण गर्न नसकिएमा त्यस्तो मालवस्तुको भन्सार मूल्य नेपालमा पहिले पैठारी भएको मिल्दोजुल्दो मालबस्तु (Similar Goods) को कारोबार मूल्यको आधारमा निर्धारण गरिनेछ।" भन्ने व्यवस्था निर्दिष्ट गरेको छ। यसरी सोही भन्सार नाकाबाट पैठारी भएको समान प्रकृतिको मालवस्तुको अघिल्लो कारोबार मूल्य USD 460 प्रति मे.टन भएको स्पष्ट Database रहेको अवस्थामा सोलाई आधार लिई पैठारीकर्ताले घोषणा गरेको मूल्य USD361 अमान्य गर्ने गरी वीरगंज कार्यालयले गरेको निर्णयलाई अन्यथा भन्न मिलेन।

१४. जहाँसम्म प्रत्यर्थी कार्यालयले विगतमा आयात भएको चिनी र पैठारीकर्ताले आयात गरेको चिनीको कुन कुन चारित्रीक गुण मिल्छ भन्ने कुराको विवेचना नगरेको भनी लिएको पुनरावेदन जिकीर छ, त्यस सम्बन्धमा हेर्दा, शुरु वीरगंज भन्सार कार्यालयको निर्णयमा पैठारीकर्ताको मालवस्तु र कागजातको अध्ययन र भौतिक परिक्षण गर्दा मिति २०७४।१२।५ मा Nimbus International Pvt.Ltd Kathmandu ले पाकिस्तानबाटै आयात गरेको Sugar को नमूनासँग तुलना गरी हेर्दा दुवै मालवस्तु एकै गुणस्तर र मिल्दोजुल्दो देखिएको भनी स्पष्ट उल्लेख गरेको देखिन्छ। साथै शुरु वीरगंज भन्सार कार्यालयको मिति २०७५।१।१६ च.नं.१२४८ र मूल्यांकन पुनरावलोकन समितिको मिति २०७५।२।२७ च.नं.५९२ को पत्रबाट पैठारीकर्तालाई जानकारी गराई आवश्यक कागज प्रमाण पेश गर्ने मौका समेत प्रदान गरी आधार र कारण सहित भन्सार ऐन, २०६४ को दफा १३(९) बमोजिम मूल्य निर्धारण गरिएको निर्णय कानूनसम्मत देखिँदा पैठारीकर्ताको उक्त पुनरावेदन जिकीरसँग सहमत हुन सकिएन।

१५. तसर्थ माथि विवेचित आधार एवं कारण समेतबाट पुनरावेदकले प्र.द.नं. M58448 बाट सन् 2018-05-02 मा बिजक संख्या ADAMSM-HO/E-018-014-01 बाट पैठारी गरेको मालवस्तुको भन्सार ऐन, २०६४ को दफा १३ को उपदफा (९) बमोजिम वीरगंज भन्सार कार्यालयबाट मिति २०७५।१।१९ मा भन्सार मूल्य निर्धारण गरेको निर्णय र सोहि निर्णय सदर गर्ने गरी

मूल्यांकन पुनरावलोकन समितिबाट मिति २०७५।६।२१ मा भएको निर्णय समेत मिलेकै देखिँदा सदर हुने ठहर्छ। पुनरावेदकको पुनरावेदन जिकिर पुग्न सक्दैन।अरु तपसिल बमोजिम गर्नु।

<u>तपसिल खण्ड</u>

१. फैसलाको प्रतिलिपी सहित फैसला भएको जानकारी बिशेष सरकारी वकिलको कार्यालय काठमाण्डौलाई पठाईदिनू।
२. प्रस्तुत फैसलाको विद्युतिय प्रति यस न्यायाधिकरणको सफ्टवेयरमा अपलोड गरी फैसलाको पीठमा जनाउनू।
३. सरोकारवाला पक्षले फैसलाको प्रतिलिपी माग गरेमा लाग्ने दस्तुर लिई नियमानुसार प्रतिलिपी दिनू।
४. प्रस्तुत पुनरावेदनको दायरीको लगत कट्टा गरी शुरु मिसिल वीरगंज भन्सार कार्यालय, वीरगंज पठाई रेकर्ड मिसिल अभिलेख शाखामा बुझाईदिनू।

टेकप्रसाद ढुङ्गाना
(अध्यक्ष)

उक्त रायमा मेरो सहमती छ।

गोविन्द प्रसाद अधिकारी
(राजस्व सदस्य)

**<u>लेखा सदस्य श्री पुष्पप्रसाद गुरागाईंको फरक राय</u>**

१. यसमा बिरगञ्ज भन्सार कार्यालय विरगञ्ज पर्साबाट भएको मिति २०७५।०१।१९ को निर्णय तथा मूल्याङ्कन पुनरावलोकन समिति, त्रिपुरेश्वर काठमाडौमा मिति २०७५।०२।०८ दिएको निवेदन उपर समितिबाट मिति २०७५।०६।२१ मा भएको निर्णयमा चित्त नबुझि भन्सार ऐन, २०६४ को दफा ६२(१) तथा राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(१) बमोजिम न्यायाधिकरणको क्षेत्राधिकार अन्तर्गत पर्ने प्रस्तुत मुद्दा ऐ. ऐनको दफा ९ को उपदफा (१) बमोजिम निर्धारित (विवादित) भन्सार महशुल रु.१७,५७,८८९।- को शत-प्रतिशतले हुने रु.१७,५७,८८९।- धरौटी दाखिला गराएर पुनरावेदन पत्र दर्ता गर्नु पर्नेमा धरौटी रकम पुगे/नपुगेको यकिन समेत नगरी रु.१७,५७,८८९।- न्यून भएको अवस्थामा स्रेस्तेदारबाट स्वीकृत गरी मिति २०७५।१०।१० मा पुनरावेदन दर्ता गरेको पाइयो ।

२. राजस्व न्यायाधिकरण ऐन,२०३१ को दफा २, ३, ५, ६, ९ र १४ क्रमशः परिभाषा, स्थापना र गठन, अधिकारक्षेत्रको प्रयोग, अधिकारक्षेत्र, पुनरावेदन सम्बन्धमा धरौट राख्ने

र म्याद र न्यायाधिकरणमा पुनरावेदन लाग्ने मुद्दाहरुको शुरु कारवाही र किनारा गर्ने अड्डा वा अधिकारीलाई पक्ष र साक्षी झिकाउने, बयान लिने, प्रमाण बुझ्ने, कागजपत्र दाखिल गराउने र दण्ड सजाय गर्ने समेत प्रचलित नेपाल कानून बमोजिम अदालतलाई भए सरहको अधिकार हुने कानूनी व्यवस्था गरेको छ । साथै यो ऐनको प्रभावकारी कार्यान्वयन गर्न र ऐनको उद्देश्य पूर्ति गर्नको लागि नेपाल सरकारले नियम बनाउन सक्ने व्यवस्था दफा १५ मा गरिएको छ ।४८ वर्ष पहिले विक्रम सम्बत २०३१ सालमा बनेको ऐनमा भएको व्यवस्था कार्यान्वयन गर्न नियम नबनाइनु ऐनमा भएका उल्लिखित दफाहरुमा न्यायाधिकरणको काम, कर्तव्य, विधि र प्रकृया स्पष्ट भएर नै हो भन्ने बुझ्नु पर्ने भयो । न्यायाधिकरणमा पुनरावेदन दर्ता गर्दा र दर्ता भएका मुद्दाहरुको सुनुवाई गर्नु भन्दा पहिले प्रारम्भिक चरण मै दफा ६ बमोजिमको न्यायाधिकरणको अधिकार क्षेत्र र दफा ९ बमोजिमको पुनरावेदन दर्ता गर्न दाखिल गर्नु पर्ने धरौट र पुनरावेदनको म्याद ऐनमा भएको व्यवस्था अनुसार भए नभएको यकिन गर्नु पर्ने देखियो। करदाता पुनरावेदकले पुनरावेदन पत्रमा न्याय निरोपणका लागि दावी गरेका, प्रत्यर्थीले भन्सार महशुल र कर निर्धारणमा गर्दा भए/गरेका कानूनी त्रुटीहरुको सुनुवाई गर्न मुद्दाको प्रत्यर्थी नेपाल सरकारलाई स्वच्छ सुनुवाइका लागि जानकारी दिई झिकाउनु पर्ने प्रचलित कानूनमा व्यवस्था गरिएको छ। न्यायाधिकरण प्रशासनले पुनरावेदन दर्ता गर्दा यस ऐन बमोजिम पुर्याउनु पर्ने रित र पुनरावेदकले पुनरावेदन पत्र साथ पेश गर्नु पर्ने पुनरावेदन धरौटी, म्याद भए रहेको प्रमाण र नेपाल सरकारले तोकेको भौगोलिक क्षेत्र भित्रको भए नभएको सम्बन्धमा न्यायाधिकरणले मिसिलको प्रारम्भिक अध्ययन गरी यकिन गर्नु पर्ने देखियो। प्रचलित ऐन नियममा तोकिएका सबै विधि र रित पुऱ्याई दर्ता भए/नभएको सम्बन्धमा समग्र न्यायाधिकरणको जिम्मेवारी हुने देखिन्छ । ऐनको दफा ९ बमोजिमको धरौटी भए/नभएको यकिन गर्ने काम राजस्व तथा लेखा सदस्यले गर्नु पदीय विज्ञता र अनुभवका आधारमा गर्नु पर्ने देखिन्छ। यस सम्बन्धमा लेखा सदस्य र निमित्त अध्यक्षको हैसियत राजस्व न्यायाधिकरण काठमाण्डौको क्रमशः चलानी नं. १५६६ मिति २०७७।१२।१३ को पत्र र चलानी नं. मुद्दाफाँट५९ मिति २०७८।११।१३ को पत्रबाट न्यायाधिकरण प्रशासनलाई धरौटी गणना तथा धरौटीको प्रमाण मिसिल संलग्न गर्न गराउन लिखित निर्देशन दिई सम्मानीत सर्वोच्च अदालत, सार्वजनिक लेखा समिति, सम्मानीय प्रधानन्यायाधीशज्यू, न्याय परिषद्, न्याय सेवा आयोग, महालेखा परीक्षक र अर्थ मन्त्रालय समेत निकायमा वोधार्थ दिएको उक्त पत्रहरुमा उल्लेख गरी तोकिएका कामहरु भएको मिसिल अध्ययन गर्दा देखिएन। प्रचलित कानूनले तोके बमोजिमका सबै विधि र प्रकृया सम्पन्न भएको यकिन गरेर मात्र अन्तिम सुनुवाइ गरी फैसला गरिने र प्रकृयागत त्रुटी भएको देखिएमा विषय विज्ञको राय बमोजिम निर्णय गर्नु उचित हुने व्यहोरा तथा राजस्व, धरौटी, विनियोजन, कोष, आय, व्यय, डेविट, क्रेडिट, वासलात, नाफा/नोक्सान खाता

सर्वसञ्चित कोषमा दाखिला हुने रकम, धरौटी खातामा दाखिला गर्नु पर्ने रकम आदि विषयका सम्बन्धमा लेखा सदस्यले प्रचलित कानूनमा भएको व्यवस्था सहित निर्णयमा पुग्नू अघि आफ्नो राय लिखित रुपमा उल्लेख गर्नु ऐनको दफा ३ को उपदफा (३) को देहाय (क) मा रहेको पद नामको कर्तव्य भित्र पर्ने व्यहोरा समेत फैसलाको तथ्य खण्डमै उल्लेख गर्नु पर्ने देखियो ।

३. यसै गरी राजस्व न्यायाधिकरण ऐन,२०३१ को दफा ९ को उपदफा (१) बमोजिमको धरौटी दाखिला नगरी पुनरावेदन दर्ता भएका मुद्दाहरुको फैसला भएमा ऐ. ऐनको दफा ८ अनुसार सर्वोच्च अदालतमा पुनरावेदन दिन पाउने हक अधिकारबाट करदाता पुनरावेदक बञ्चित भई फैसलामा “अधिकारक्षेत्रको प्रश्न बुझ्नु पर्ने प्रमाण नबेझेको वा बुझ्नु नहुने प्रमाण बुझेको वा बाध्यात्मक रुपमा पालन गर्नु पर्ने कार्यविधिसम्बन्धी कानूनको उल्लंघन भएको प्रन र गम्भीर कानूनी त्रुटी सम्बन्धी प्रश्न” उठि प्रत्यक्ष कानूनी त्रुटी भई न्यायाधिकरणको निर्णय पूर्ण वा आंशिक रुपमा उल्टिने देखी सर्वोच्च अदातलले आफू समक्ष पुनरावेदन गर्न अनुमति दिएकोमा न्यायाधिकरणको फैसला वा अन्तिम आदेश उपर दफा ९ बमोजिमको धरौटी नराखी वा तोकिए बमोजिमको सम्पूर्ण रकम धरौटी खातामा रकम दाखिला नगरी पुनरावेदन दर्ता गर्दा वा दर्ता भएको पुनरावेदन उपर फैसला हुँदा कार्यविधि सम्बन्धी वाध्यकारी कानूनी व्यवस्थाको उल्लंघन हुनगई सर्वोच्च अदालतमा पुनरावेदन लागि करदाताको हितमा प्रतिकुल असर पर्ने समेत देखिएकोले पछि पुष्टी हुने मिसिल संलग्न तथ्य, कानूनी व्यवस्था र सर्बोच्च अदालतबाट भन्सार विभाग तथा आन्तरिक राजस्व विभागमा प्रशासकीय पुनरावलोकका लागि दाखिला गर्नु पर्ने भन्सार महशुल बापतको रकम र राजस्व न्यायाधिकरणमा पुनरावेदन दर्ता गर्न राखु पर्ने धरौटी रकम सम्बन्धमा भएको विवादमा भएका पूर्व फैसला, आदेश र निर्णय समेत हेरी निम्न बमोजिम विषयमा यकिन गरेर मात्र निर्णयमा पुग्नु पर्ने देखियो ।

क) राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६ बमोजिम न्यायाधिकरणको अधिकार क्षेत्र भित्र परेको प्रस्तुत पुनरावेदन दर्ता गर्दा दाखिल गर्नु पर्ने दफा ९ को उपदफा (१) बमोजिमको धरौटी दाखिल भएको छ ? छैन ?

ख) ऐ. दफाको उपदफा (१) बमोजिम भन्सार महशुल तर्फको पुनरावेदन दर्ताका लागि तोकिएको देहायको खण्ड (ख) बमोजिम धरौटी नराखी दर्ता भएको पुनरावेदनको तथ्य भित्र प्रवेश गरी निर्णय गर्नुको औचित्य हुने ? नहुने ? सम्बन्धमा निर्णय गरी फैसला गर्नु पर्ने देखिन आयो ।

४. प्रस्तुत मुद्दाको पुनरावेदन दर्ता गर्दाका वखत राख्नुपर्ने धरौटी दाखिला भएको नदेखिएको सन्दर्भमा पुनरावेदक तथा प्रत्यर्थी तर्फका विद्वानलाई म लेखा सदस्यबाट धरौटी रकम दाखिला भएको देखिएन भनि प्रष्ट पार्न अनुरोध गर्दा पुनरावेदकको तर्फका विद्वान

अधिवक्तात्रय श्री सिताराम अग्रवाल, श्री विकास अग्रवाल र श्री विकल्प अग्रवालबाट सामान जाँचपास गर्दा थप निर्धारित भन्सार महशुल प्रज्ञापन पत्र भरी अग्रिम दाखिला भएकोले सोको आधारमा पुनरावेदन दर्ता भएको हो भन्ने बहस र प्रत्यर्थी तर्फका विद्वान उपन्यायाधिवक्ता श्री दिपक भण्डारीबाट राजस्व न्यायाधिकरण ऐन,२०३१ को दफा ९ को उपदफा (१) बमोजिम पुनरावेदन दर्ता गर्दा राख्नुपर्ने विवादित भन्सार महशुलको शतप्रतिशतले हुने धरौटी रकम दाखिला गरेको देखिएन। सो सम्वन्धमा सम्मानित इजलासबाट यकिन गरी नियमानुसार हुने नै छ भन्ने बहस समेत सुनियो ।

५. करदाता पुनरावेदकले पुनरावेदन पत्र दर्ता गर्दा पेश गरेका मिसिल सम्लग्न कागजात तथा कर निर्धारणको फोटोकपी पत्र र अप्रमाणित फोटोकपी भौचरहरु हेर्दा राजस्व न्यायाधिकरण ऐन,२०३१ को दफा ९ को उपदफा (१) बमोजिम धरौटी नराखि पुनरावेदन दर्तै नलाग्ने प्रस्तुत पुनरावेदन दर्ता भएको हो होइन यकिन गर्न मिसल सम्लग्न प्रमाण कागजातको थप अध्ययन गर्दा विवादित भन्सार महशुलको शत प्रतिशतले हुने धरौटी रकम दाखिला गरेको देखिएन ।

६. मिसिल सम्लग्न प्रचलित कानून अनुसार पुनरावेदन पत्र साथ पेश गर्नु पर्ने प्रमाण कागजातको अध्ययन गर्दा पुनरावेदक आयुष ट्रेडिङ्ग सेन्टर मोरङ्ग (इम्पोर्टर नं ३०२७२६४३१०१००NP) को भन्सार महशुल (M५८४३३) को मुद्दामा भन्सार ऐन २०६४ अनुसार सामान जाँचपास गर्दाको विवादित (M५८४४८) २ मे २०१८ अनुसार ID रु.१७,५७,८८९।- सर्वसञ्चित कोषमा दाखिला भएको देखिएको छ। भन्सार ऐन २०६४ को दफा ६२ तथा राजस्व न्यायाधिकरण ऐन,२०३१ को दफा ९ को उपदफा (१) खण्ड (ख), पुनरावलोकनका लागि निवेदन र पुनरावेदन पत्र दर्ता गर्दा दाखिल गर्नु पर्ने राजस्व तथा धरौटी सम्बन्धमा प्रचलित ऐन तथा नियमहरुमा भएको व्यस्था सो सम्बन्धमा सर्वोच्च अदालतबाट २०६३-WS-००१३ देखि २०६३-WS-००१७ समेतका रिट तथा ०७२-RB-०४७० आयकर मुद्दामा भएको व्याख्या विश्लेषण र प्रतिपादित सिद्धान्त अनुसार समेत राख्नु पर्ने निर्धारित (विवादित) भन्सार महशुल रु.१७,५७,८८९।- को शत-प्रतिशतले हुने रु.१७,५७,८८९।- धरौटी राख्नु पर्नेमा सो नराखेको कारण पुनरावेदन धरौटी रु.१७,५७,८८९।- नपुग भएको छ।

७. राजस्व न्यायाधिकरणमा करदाताले पुनरावेदन दर्ता गर्न दाखिला गर्नु पर्ने रकम सम्बन्धमा प्रचलित ऐन तथा नियमहरुमा भएको व्यवस्था अनुसार प्रशासकीय पुनरावलोकनका लागि निवेदन दर्ता गर्दा दाखिला गर्नु पर्ने भन्सार महशुल र राजस्व न्यायाधिकरणमा पुनरावेदन दर्ता गर्दा राख्नु पर्ने धरौटी महशुल निर्धारण गर्ने अधिकृतले तोकिदिएको कार्यालयमा अनिवार्य रुपमा राख्नु पर्ने र धरौटी नराखी पुनरावेदन लाग्ने छैन भनि राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ९ को उपदफा (१) मा स्पष्ट उल्लेख छ।

प्रशासकीय पुनरावलोकनका लागि निवेदन दिनु अघि प्रज्ञापन पत्र मार्फत संघीय सर्वसञ्चित कोषमा दाखिला भई रोक्का समेत नराखेको मालसामान जाँचपास गर्दा दाखिला गरेको रकमलाई धरौटीको रुपमा गणना गर्नुलाई प्रचलित कानूनको पालना भएको मान्न सकिएन। राजस्व न्यायाधिकरणमा पुनरावेदन दर्ता गर्दा राख्नै पर्ने धरौटी भन्सार कार्यालयले सम्बन्धित करदाताको तिर्नु पर्ने कर दायित्वमा स्वतः प्रणाली (System) ले मिलान गर्ने भएकोले राजस्व खातामा दाखिला भएको त्यस्तो रकमलाई धरौटीको रुपमा गणना गर्दा एउटै रकमको दोहोरो गणना हुने हुन्छ। राजस्व खातामा दाखिला भएको रकम रोक्का राख्ने स्वफ्टवेयर प्रणाली भन्सार विभाग/कार्यालयमा नभएको र सामान जाँचपास गर्दा भरेको प्रज्ञापन पत्र मात्र पेश गरेको अवस्थामा त्यस्तो पत्रमा उल्लेख गरेको रकमलाई धरौटी हो भनि पुनरावेदन दर्ता गर्दा दाखिला गर्नु पर्ने धरौटी हो भनि गणना गर्न मिल्ने देखिएन। अतः धरौटी सम्बन्धी विवादमा सर्वोच्च अदालतबाट संवैधानिक परीक्षण भई जारी भएका निम्न उत्प्रेषण आदेश, प्रतिपादित नजिर तथा सिद्धान्त समेतको विश्लेषण गरी संक्षिप्त तथ्य सहित प्रस्तुत मुद्दाको ठहर यस प्रकार रहेको छः-

८. भन्सार ऐन,२०६४ बमोजिम शुरु कार्यालयबाट निर्धारित (विवादित) कर रकमको शत प्रतिशतले हुने रकम र जरिवानाको रकम त्यस्तो निर्धारण गर्ने वा जरिवाना गर्ने अधिकृतले तोकिदिएको कार्यालयमा धरौटी नराखी पुनरावेदन लाग्ने छैन भन्ने व्यहोरा राजस्व न्यायाधिकरण ऐन,२०३१ को दफा ९ को उपदफा (१) को (ख) मा स्पष्टसँग उल्लेख छ। ऐनको सो व्यवस्था बमोजिम पुनरावेदन पत्र दर्ता गर्न राख्नु पर्ने धरौटी आर्थिक कार्यविधि नियमावली,२०६४को नियम ६२, हाल आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ६३ बमोजिमको धरौटी खातामा दाखिला गरी पुनरावेदन दर्ता गर्दाका बखत राखिएको धरौटीको गोश्वारा र व्यक्तिगत धरौटी खातामा अभिलेखाङ्कन गरी अद्यावधिक गरी राख्नु पर्ने हुन्छ। आर्थिक कार्यविधि नियमावली,२०६४ को नियम ६३ हाल आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ६२ को देहाय खण्ड (क) मा नेपाल सरकारलाई बुझाउनु पर्ने राजस्व अग्रिम रुपमा बुझाउन र खण्ड (ख) मा नेपाल सरकारलाई बुझाउनु पर्ने राजस्व कति बुझाउनु पर्ने भन्ने निर्णय नहुँदै त्यस्तो राजस्व रकम अग्रिम रुपमा बुझाउनु परेमा धरौटीको रुपमा राख्नु पर्ने उल्लेख छ।

९. राजस्व न्यायाधिकरण ऐन,२०३१ को दफा ९ को उपदफा (१) मा उल्लेख भए अनुसार पुनरावेदन दर्ता गर्दा राख्नु पर्ने धरौटी रकम सन्दर्भमा सम्मानित सर्वोच्च अदालतमा सूर्य टोवाको कम्पनी प्रा.लि. को तर्फबाट सञ्चालक हर्ष एम दर र ऐ. कम्पनीको शेयरवाला शशीराज पाण्डे समेत विरुद्ध राजस्व न्यायाधिकरण काठमाण्डौ समेत भएको राजस्व न्यायाधिकरण ऐन,२०३१ को दफा ९ को उपदफा (१) को खण्ड (ख) को व्यवस्था

संविधानको धारा ७३ समेत सँग बाझिएकोले धारा ८८ को उपधारा (१) अनुसार अमान्य र बदर घोषित गरिपाउन भनी दिएको रिट नं. २०६३-WS-००१३, २०६३-WS-००१४, २०६३-WS-००१५, २०६३-WS-००१६ र २०६३-WS-००१७ समेतका रिट निवेदनम "राजस्व न्यायाधिकरणका श्रेस्तेदारको मिति २०६४।१२।८ को दरपीठ आदेश र उक्त दरपीठ सदर गरेको राजस्व न्यायाधिकरणको आदेश बदर गरी विना धरौटी पुनरावेदन पत्र लिई कानून बमोजिम निर्णय गर्नु भन्ने राजस्व न्यायाधिकरणका नाउँमा परमादेश जारी गरी पाऊँ, अन्तःशुल्क ऐन,२०५८ को दफा २३ मा महानिर्देशकको निर्णय उपर पुनरावेदन गर्दा धरौटी राख्नु पर्ने कुनै कानूनी व्यवस्था नगरिएको तथा ऐनको दफा २४ ले यस ऐनलाई अन्य कानून भन्दा माथिल्लो स्तरमा राखेकोले ऐनको सर्वोच्चताका आधारमा पनि धरौटी राख्नु पर्ने राजस्व न्यायाधिकरण ऐन,२०३१ को दफा ९ को उपदफा (१) खण्ड (ख) को व्यवस्था संविधानको धारा ७३ समेतसँग बाझिएकोले धारा ८८ को उपधारा (१) अनुसार अमान्य र बदर घोषित गरी प्रस्तुत निवेदनलाई अग्राधिकारमा पेशी चढाई पाउँ" भन्ने दावी रहेकोमा सो दावीका सम्बन्धमा सम्मानित सर्वोच्च अदालतको मिति २०६६।१२।१९ मा "संविधानमा रहेको 'कानून बमोजिम बाहेक कर लगाउन वा ऋण लिन नपाइने' भन्ने वाक्यांशसँग बाझिएको भन्ने देखिन आएन, अमान्य र बदर घोषित गरी पाउँ भनी दावी लिएको राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ९ को उपदफा (१) को व्यवस्था संविधानको कुनै पनि प्रावधानसँग बाझिएको नदेखिंदा सो हदसम्म प्रस्तुत निवेदन खारेज हुन्छ" भन्ने आदेश भई रिट निवेदन खारेज भई ऐनको दफा ९ को कानूनी व्यवस्थाको संवैधानिक परीक्षण समेत भएको छ।

१०. यसै गरी राजस्व न्यायाधिकरण काठमाण्डौमा पुनरावेदन दर्ता नं ०७५-RB-०२३० आयकर (२०७०/०७१) दर्ता भएको आयकर ऐन,२०५८ को दफा १०१ को उपदफा (१) बमोजिम लक्ष्मी स्टिल्स प्रा.लि. को संशोधित कर निर्धारण भई थप कर निर्धारण भएकोमा राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ९ को उपदफा (१) बमोजिमको धरौटी राखी पुनरावेदन गर्नु पर्नेमा मिसिलमा संलग्न दाखिला भौचर तथा आयकर ऐन,२०५८ को दफा १०२ बमोजिमको सूचना पत्र समेतका विवरणहरुका आधारमा रु.५१,७८,७४६।७० नपुग भएको देखिएको धरौटी रकम १५ दिन भित्र जम्मा गर्न लगाई आदेश बमोजिमको काम सम्पन्न भएपछि वा अवधि नाघेपछि नियमानुसार पेश गर्ने भन्ने यसै न्यायाधीकरणबाट आदेश भएको छ। सो आदेश उपर लक्ष्मी स्टिल्स प्रा.लि.ले सर्वोच्च अदालतमा दायर रिट नं. ०७७-WO-००४२ को निवेदन उपर मिति २०७७।४।१६ मा सर्वोच्च अदालतबाट जारी भएको उत्प्रेषण आदेश अनुसार सो मुद्दाको हकमा आयकर ऐन,२०५८ बमोजिम अनिवार्य रुपमा दाखिला गर्नु पर्ने ऐ ऐनको दफा ९४, ९९, १००,१०१ र दफा ३१क को उपदफा (६) मा तोकिए अनुसार समेत कर राजस्व खातामा दाखिला गरी आय विवरणसाथ दाखिला भएको देखिएको रु.७६,३५,६१४।- भएको सन्दर्भमा हेर्दा मिति २०७६।११।१२ को *(शुल्क र व्याजलाई जरिवाना मानी सो रकमको राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ९ को उपदफा (१) को खण्ड (क) बमोजिम शतप्रतिशत धरौटी माग गर्दा पचास*

*प्रतिशत मात्र धरौटी राख्न पाउनु पर्ने भनी भएको विवाद)* विवादित आदेशको यथावत कार्यान्वयन भएमा निवेदकलाई अपूरणीय क्षति पुग्न जाने देखिएकोले उक्त विवादको निरोपण नहुँदासम्म राजस्व न्यायाधिकरणमा परेको पुनरावेदन सम्बन्धी काम कारवाही नरोक्नु, पुनरावेदन दर्ता र सुनुवाई प्रकृया अगाडि वढाउनु भन्ने उक्त निवेदन उपर सम्मानित सर्वोच्च अदालतबाट उत्प्रेषण आदेश भएको छ।

११. सर्वोच्च अदालतबाटै ०७२-RB-०४७० आयकर (२०६१/०६२) पुनरावेदक ठूला करदाता कार्यालय प्रत्यर्थी सूर्य नेपाल प्रा.लि. विरुद्धको मुद्दामा मिति २०७४।१०।२९ गते भएको फैसला अनुसार "राजस्व न्यायाधिकरणले गरेको आयकर ऐन,२०५८ को दफा ११५ को उपदफा (६) बमोजिमको प्रक्रिया पुरा गर्नु नपर्ने भनी गरेको व्याख्या कार्यविधि कानूनको सिद्धान्त विपरीत हुन्छ।कारवाही हुँदाका बखत कार्यान्वयनमा नै नरहेको कानूनी व्यवस्था आकर्षित हुने भनी राजस्व न्यायाधिकरण, काठमाण्डौबाट भएको फैसलालाई न्यायोचित भन्न मिलेन। अतः विवेचित तथ्य सिध्दान्त एवं प्रमाणको आधारमा आयकर ऐन, २०५८ को दफा ११५ उपदफा (६) को व्यवस्था आर्थिक अध्यादेश २०६१/०६२ बाट खारेज भई धरौटी राख्ने व्यवस्था नगरेकोले आन्तरिक राजस्व विभागको निर्णय बदर गरी अब जो जे बुझ्नु पर्छ बुझी पुनः यकिन निर्णय गर्नु भनी राजस्व न्यायाधिकरण, काठमाण्डौबाट भएको फैसलालाई कानूनसम्मत मान्न मिलेन। उक्त फैसला बदर भई उल्टी हुने ठहर्छ" भनिएको छ।

१२. उल्लिखित सर्वोच्च अदालतबाट रिट नं. ०७२-RB-०४७० आयकर (२०६१/०६२) र माथि उल्लिखित रिट नं २०६३-WS-००१३ देखि २०६३-WS-००१७ समेतका रिट निवेदनमा भएको फैसलाका आधारमा प्रशासकीय पुनरावलोकनका लागि निवेदन दिंदा मूल्य भन्सार ऐन,२०६४ को दफा ६१ को उपदफा (७) मा तोकिए बमोजिमको भन्सार महशुल रकम दाखिला गरेपछि मात्र भन्सार मूल्याङ्कन पुनरावलोकन समितिमा पुनरावेदन लाग्ने र राजस्व न्यायाधिकरण ऐन,२०३१ को दफा ९ को उपदफा (१) बमोजिमको धरौटी जम्मा गरेपछि मात्र भन्सार मूल्याङ्कन पुनरावलोकन समितिको निर्णयको विरुद्धमा राजस्व न्यायाधिरणमा मुद्दा लाग्ने व्यवस्था भएकोले ऐनमा स्पष्टरुपमा तोकिएको र सम्मानित सर्वोच्च अदालतका उल्लिखित फैसलामा उल्लेख भए अनुसार नै कर रकम र धरौटी रकम दाखिला भएको प्रमाण संलग्न गराएरमात्र दर्ता प्रकृया अगाडि बढाउनु पर्ने देखिन्छ।

१३. प्रचलित आयकर, मूल्य अभिवृद्धि कर, अन्तःशुल्क र भन्सार ऐनहरुमा तत् तत् आर्थिक वर्षका लागि विधायीकावाट जारी भएको आर्थिक ऐनद्वारा भएको संशोधन र सम्मानित सर्वोच्च अदालतका उल्लिखित फैसला अनुसार नै पुनरावलोकनका लागि निवेदन दिंदा र पुनरावेदन दर्ता गर्दा मूल्य अभिवृद्धि कर/आयकर तर्फको निर्धारित (विवादित) करको लागि पुनरावेदन दर्ता गर्दा आर्थिक वर्ष २०७५/०७६ सम्म क्रमशः विवादित रकमको ३३ प्रतिशत राजस्व र ५० प्रतिशत धरौटी गरी ८३ प्रतिशत रकम दाखिला गर्नु पर्ने, आर्थिक

वर्ष २०७६/०७७ देखि आर्थिक वर्ष २०७८/०७९  सम्म विवादित रकमको २५ प्रतिशत राजस्व र ५० प्रतिशत धरौटी गरी ७५ प्रतिशत रकम दाखिला गर्नु पर्ने, र आर्थिक वर्ष २०७९/०८० देखि विवादित रकमको २५ प्रतिशत राजस्व र २५ प्रतिशत धरौटी गरी ५० प्रतिशत रकम धरौटी बापत दाखिला भएको प्रमाणित भौचर पुनरावेदन पत्र साथ संलग्न गराएर मात्र पुनरावेदन दर्ता गर्नु पर्ने उल्लेख छ । साथै भन्सार तथा अन्तःशुल्क तर्फको निर्धारित (विवादित) अन्तःशुल्क तथा भन्सार महशुल रकमको शत प्रतिशत रकम धरौटी बापत दाखिला गरेको प्रमाणित भौचर संलग्न गराएर मात्र पुनरावेदन पत्र दर्ता गर्नु पर्ने स्पष्ट छ।प्रस्तुत मुद्दाको मिसिल सम्लग्न गरेका प्रशासकीय पुनरावलोकनका लागि निवेदन दिने क्रममा र सो पश्चात संघीय सर्वसञ्चित कोषमा दाखिला गरेको पुनरावेदकले धरौटी भनेको अप्रमाणित फोटोकपी राजस्व भौचरहरुमा उल्लेख भए बमोजिमको राजस्व रकमलाई समेत गणना गर्दा पनि पुनरावेदन दर्ता गर्दा प्रचलित ऐन अनुसार अनिवार्यरुपमा राख्नु पर्ने रु.१७,५७,८८९।- धरौटी न्यून भएको अवस्थामा पुनरावेदन दर्ता गरेको पाइयो।

१४. सर्वोच्च अदालतको मिति २०६६।१२।१९ को आदेशबाट समेत संवैधानिक परीक्षण भई सदर ठहरिएको राजस्व न्यायाधिकरण ऐन,२०३१ को दफा ९ को उपदफा (१) “प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि यस ऐन अन्तर्गत न्यायाधिकरणमा वा उच्च अदालतमा पुनरावेदन गर्दा देहाय बमोजिम धरौट नराखी पुनरावेदन लाग्ने छैन” भन्ने व्यवस्था रही ऐ.को खण्ड (ख) बमोजिम भन्सार तर्फको विवादित भन्सार महशुल रु.१७,५७,८८९।- को शतप्रतिशत रकम धरौटी राख्नुपर्नेमा सो गरेको नपाइएकोले नपुग रु.१७,५७,८८९।- पुनरावेदन धरौटी दाखिलाको सक्कल बैंक भौचर वा निस्सा १५ दिन भित्र पुनरावेदकलाई दाखिल गर्न लगाई आदेश बमोजिमको काम सम्पन्न भएपछि वा सो अवधि नाघेपछि नियमानुसार पेश गर्ने आदेश गर्नु उपयुक्त हुने राय म लेखा सदस्यबाट इजलासमा राख्दा मेरो उक्त रायमा असहमति जनाउँदै माननीय अध्यक्ष र राजस्व सदस्यबाट फैसला गर्ने निर्णय भएकोले राजस्व न्यायाधिकरण ऐन २०३१ को दफा ९ को उपदफा (१) बमोजिम हुने रु.१७,५७,८८९।- धरौटी नराखी पुनरावेदन दर्तै नलाग्ने पुनरावेदन दर्ता भएको प्रस्तुत मुद्दाको सो निर्णयमा सहमत हुन सकिएन।

१५. अतः राजस्व न्यायाधिकरण ऐन,२०३१ को दफा ९ को उपदफा (१) बमोजिम पुनरावेदन दर्ता गर्दा राख्नुपर्ने धरौटी सम्बन्धमा आर्थिक कार्यविधि नियमावली,२०६४ को नियम ६३ हाल आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ६२, सर्वोच्च अदालतबाट रिट नं २०६३-WS-००१३ देखि १७ समेतका रिट निवेदन र मुद्दा नं. ०७२-RB-०४७० आयकर (०६१/०६२) का फैसलामा भएको व्याख्या, विश्लेषण र प्रतिपादित सिद्धान्त तथा ठहर समेत बमोजिम पनि अनिवार्य रुपमा राख्नुपर्ने धरौटी नराखी दर्ता भएको मुद्दाको तथ्य भित्र प्रवेश गरी निर्णय गर्नु पर्ने औचित्य नै नहुने प्रस्तुत मुद्दामा माननीय अध्यक्ष र राजस्व सदस्यबाट भएको “पुनरावेदकले प्र.द.नं. M58448 बाट सन्

2018-05-02 मा बिजक संख्या ADAMSM-HO/E-018-014-01 बाट पैठारी गरेको मालवस्तुको भन्सार ऐन, २०६४ को दफा १३ को उपदफा (९) बमोजिम वीरगंज भन्सार कार्यालयबाट मिति २०७५।१।१९ मा भन्सार मूल्य निर्धारण गरेको निर्णय र सोहि निर्णय सदर गर्ने गरी मूल्यांकन पुनरावलोकन समितिबाट मिति २०७५।६।२१ मा भएको निर्णय समेत मिलेकै देखिँदा सदर हुने ठहर्छ। पुनरावेदकको पुनरावेदन जिकिर पुग्न सक्दैन " भनि भएको बहुमत सदस्यको फैसलामा सहमत हुन नसकी देहाय बमोजिम फरक राय सहितको ठहर गर्दछुः-

१६. यसमा पुनरावेदक आयुष ट्रडिङ्ग सेन्टर मोरङ्ग (इम्पोर्टर नं ३०२७२६४३१०१००NP) को भन्सार महशुल (M५८४३३) को मुद्दामा भन्सार ऐन २०६४ अनुसार सामान जाँचपास गर्दाको विवादित (M५८४४८) २ मे २०१८ अनुसार ID रु.१७,५७,८८९।- सर्वसञ्चित कोषमा दाखिला भएको देखिएको छ। भन्सार ऐन २०६४ को दफा ६२ तथा राजस्व न्यायाधिकरण ऐन,२०३१ को दफा ९ को उपदफा (१) खण्ड (ख), पुनरावलोकनका लागि निवेदन र पुनरावेदन पत्र दर्ता गर्दा दाखिल गर्नु पर्ने राजस्व तथा धरौटी सम्बन्धमा प्रचलित ऐन तथा नियमहरुमा भएको व्यस्था सो सम्बन्धमा सर्वोच्च अदालतबाट २०६३-WS-००१३ देखि २०६३-WS-००१७ समेतका रिट तथा ०७२-RB-०४७० आयकर मुद्दामा भएको व्याख्या विश्लेषण र प्रतिपादित सिद्धान्त अनुसार समेत राख्नु पर्ने निर्धारित (विवादित) भन्सार महशुल रु.१७,५७,८८९।- को शत-प्रतिशतले हुने रु.१७,५७,८८९।- धरौटी राखेको पाइएन। अतः राजस्व न्यायाधिकरण ऐन,२०३१ को दफा ९ को उपदफा (१) खण्ड (ख) बमोजिमको धरौटी दाखिल नगरी/नगराई दर्ता भएको प्रस्तुत पुनरावेदनको तथ्य भित्र प्रवेश गरी निर्णय गर्न मिलेन। प्रस्तुत मुद्दा दर्ता हुँदा कै बखत देखि खारेज हुने ठहर्छ। करदाताको पुनरावेदन जिकिर पुग्न सक्दैन ।

पुष्प प्रसाद गुरागाईं
(लेखा सदस्य)

<u>फैसला तयारीमा सहयोग गर्नुहुनेः-</u>
शाखा अधिकृतः प्रमोद रिजाल
ईति सम्वत् २०७९ साल भदौ २ गते रोज ५ शुभम् --------------------------------------
फैसला प्रमाणिकरण मितिः-
प्रमाणिकरण गर्ने राजस्व सदस्यः-
प्रमाणिकरण गर्ने लेखा सदस्यः-

राजस्व न्यायाधिकरण काठमाडौं, मुकाम ललितपुरको छाप